संसारका मजदुर तथा उत्पीडित जनता एक होऔं !

मार्क्सवाद-लेनिनवाद-माओवाद- जिन्दावाद !

# क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल

## Revolutionary Communist Party of Nepal

केन्द्रीय समिति

Central Committee

पत्र संख्या/Serial No.

चलानी नं./Regd. No.

मिति : ....................................

# प्रेस-वक्तव्य

नेपालमा एकातिर संसदीय निर्वाचनमा संसदवादी पार्टीहरु जनतामाझ झुट्टा आश्वासनहरु बाँड्दै प्रचार-प्रसारमा दौडिरहेका छन् भने अर्कोतिर जनताका दैनिक उपभोग्य वस्तुहरुमा कृत्रिम अभाव सिर्जना गरिएको छ । पेट्रोलियम पदार्थको मुल्यबृद्धि, खाना पकाउने ग्यास लगायतका अत्यावश्यक उपभोग्य वस्तुहरुमा कृत्रिम अभाव र कालोबजारीको अवस्था देखिनु अत्यन्त गम्भीर विषय हो ।

त्यसकारण हामी समग्र राज्यसत्तालाई ग्यास तथा अन्य उपभोग्य वस्तुहरुमा कृत्रिम अभाव सिर्जना गर्ने तत्वहरुको पहिचान गरी कडा कार्वाही गर्न, बजार अनुगमन गरी कालोबजारी हटाएर उपभोग्य वस्तुहरु सर्वसुलभ बनाउन र महङ्गीको श्रोतका रुपमा रहेको पेट्रोलियम पदार्थको मुल्य बृद्धि घटाउन जोडदार माग गर्दछौं । अन्ततः सरोकारवाला निकाय, राजनीतिक दलहरु र व्यवसायीहरुलाई जिम्मेवार तथा उत्तरदायी बन्न हाम्रो पार्टी क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल विशेष आग्रह गर्दछ ।

मिति : फागुन १२, २०८२

सुदर्शन

प्रवक्ता

सम्पर्क कार्यालय कुपण्डोल, सम्पर्क इमेल : rcp.nepal2023@gmail.com

Contact Office: Kupondole, Contact Email : rcp.nepal2023@gmail.com